सम्मानित अजयमेरु गाउँसभा अध्यक्ष श्री उमेश प्रसाद भट्टले अजयमेरु गाउँसभाको २० औं अधिवेशनको पहिलो बैठकमा गर्नुभएको सम्बोधनः

आ व २०८३/०८४ को नीति तथा कार्यक्रम

स्थानीय सरकार

अजयमेरु गाउँपालिका

२०८३ जेठ ३१ गते

सम्मानित गाउँसभाका सदस्यहरु,

आज यस सभाको २०औं गाउँसभाको बैठकलाई सम्बोधन गरी रहदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु।मुलुकमा संघीय शासन प्रणाली र लोकतन्त्र प्राप्तिको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक संघर्ष र जन आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने ज्ञात,अज्ञात,अमर शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण तथा घाईते,वेपत्ता नागरिक लगायत आन्दोलनमा सहयोग एबं योगदान पुऱ्याउन हुने व्यक्तित्वहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागी नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने तथा राष्ट्र निर्माणमा अतुलनिय योगदान पुर्याउन हुने सम्पूर्ण देशभक्त नागरिकहरुको सदा स्मरण गर्न चाहन्छु । सबै वर्ग क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न साझा विषय पहिचान गरि आवश्यक सुधारका लागि सहकार्य र समन्वयलाई निरन्तरता दिईनेछ ।

यस गाउँपालिका वासीलाई आफ्नो ईतिहास र स्वाभिमान, संघर्ष, परिवर्तन र उपलब्धी प्रति गौरव बोध गराउन नागरिकमा सरकार प्रति थप भरोसा जगाउन, गाउँपालिकामा आर्थिक गतिशिलता बढाउन, कानून परिपालनामा शून्य सहनशिलता **(Zero Tolerance)** कायम गर्दै विधिको शासन कायम गर्ने दिशामा सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन अजयमेरु गाउँपालिका सरकार कृयाशिल छ। साथै निर्वाचनका समयमा गरिएका प्रतिवद्धता र प्राथमिकतालाई आत्मसाथ गरी गाउँपालिकाको आर्थिक एबं सामाजिक रूपान्तरण गरी सामाजिक न्याय स्थापनामा अजयमेरु गाउँपालिका कटिबद्ध रहेको छ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरू,

आ व २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा सहित केहि महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु।

**कृषि विकास शाखा तर्फः**

१. शरदकालीन उन्नत जात तरकारी बिउ ५०% अनुदानमा वितरण गरीयो ।

२. सबै वडा कार्यालमा रहेका कृषि पशुपंछी तथा सेवाकेन्द्र बाट नियमित सेवा संचालन ।

३. ८ वटा साना सिंचाई कार्यक्रम मार्फत तरकारी पकेट क्षेत्रको बिस्तार गरियो ।

४. प्रत्येक वडामा मागभए अनुसार मौरीगोला सहित घार वितरण गरी मौरी पालन व्यवशायमा प्रर्वद्वन कार्यक्रम संचालन गरिएको ।

५. बृहतरुपमा देखिएका रोगकिरा नियन्त्रका लागि आकस्मिक बालि संरक्षणको आवश्यक कदम चालिएको छ ।

६. गत वर्ष संचालित अजयमेरु केरा पकेट ब्यबस्थापन कृषक समुहमा केरा खेति बिस्तारका लागि यस आ व मा उक्त कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

७. फलफूल खेति बिस्तार गर्ने उद्वेश्यका साथ हिउदे फलफूलका विरुवालाई अन्नत जातका फलफूलका सायन ल्याई कलमि गरीएकोछ ।

८. किसानको उत्पादनलाई उनीहरुको खेतवारी बाटै वजारसम्म लैजान कृषि एम्बुलेन्स सेवा निरन्तर संचालनमा आएको छ ।

९. कृषि पशु तथा मत्स्य तथ्याङ्क संकलन कार्यको निरन्तरता दिईएकोछ ।

१० घट्दो खेति प्रणालिलाई मध्यनजर गर्दै बाँझो जग्गा सदुपयोग गर्नकालागि बाँझो जग्गा सदुपयोग गर्न कृषि विकास कार्यक्रम संचालनमा रहेको।

११. अनार खेती व्यवसायिकरण गर्दै थप व्यवस्थित बनाईएको छ । सथै मह उत्पादनमा आत्मनिर्भर हुदै गइएको छ ।

**पशु विकास शाखा तर्फः**

१. गाउँपालिका भित्र सबै वडाहरुमा १९९६७ वाखालाई P.P.R खोप, ५५०० गाई/भैसीमा खोरेत विरुद्धको खोप र २९६ वटा घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेविज विरुद्धको खोप लगाइएको छ।

२. अजयमेरु गाउँपालिका वडा नं.१ मा एक पटक पशु सेवा धुम्ति शिविर संचालन गरि ९६६ पशु पन्छीको उपचार गरिएको ।

३. अमजयमेरु गाउँपालिका वडा ५ मा भैसी प्रबर्द्धन कार्यक्रम अन्तर्गत समुहमा कृषकको लगात साझेदारिमा ८ वटा भैसी गोठ निर्माण गरिएको छ।

४. बाखा प्रवर्द्धन कार्यक्रम अन्तर्गत अजयमेरु गाउँपालिका वडा नं १ देखि ६ सम्मका कृषकको लागत साझेदारिमा २१ वटा उन्नत जातका प्रजनन योग्य बोका वितरण।

५. प्राविधिकहरुको क्षमता अभिवृद्धका लागि पशु सेवा तालिम केन्द्र धनगढी तथा शिखर ईन्स्योरेन्स कम्पनी लिमिटेडको आयोजनामा कृषि बिमा सम्बन्धी तालिम नेपालगन्जमा सहभागि गरिएको छ।

६. कृषकहरुलाई व्यवसायिक पशुपालन सम्बन्धी तालिम प्रदान गर्न पशु सेवा तालिम केन्द्र धनगढीमा बाखा पालन र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराको आयोजनामा बाखा पालन, भैसी पालन तथा अन्य पशुपालन सम्वन्धी तालिम प्रदान गराइएको ।

७. ८३४० पशु पन्छीको प्राथमिक उपचार तथा १६०४३ परजिवि विरुद्धको उपचार कार्य गरिएको छ।

८. समुह/कृषकहरुलाई हिउंदे (जै) / वर्षे घाँसको बिउ वितरण गरिएको छ।

९. व्यवसायिक कुखुरा फर्महरुमा लागेको रोगको पहिचान गर्न कुखुराहरुको नमुना संकलन गरि नमुना परिक्षणका लागि पशु रोग अन्वेषण प्रयोगशाला धनगढीमा नमुना पठाइ परिक्षण गरि आएको रिपोर्ट कृषकहरुलाई जानकारि गराई आवश्यक प्रविधिक सल्लाह दिईयो।

१०. गाई/भैसीमा कृत्रिम गर्भाधान सेवा निरन्तर गरिदै आएको छ ।

११. मासु जन्य उत्पादनमा आत्मनिर्भर सहित निर्यात गरिदै दुध र अण्डा उत्पादनमा बृद्धि भएको छ ।

**शिक्षा, युवा तथा खेलकुद विकाश शाखा तर्फः**

१. कक्षा (१-८) का विद्यार्थीहरुका लागि स्थानीय पाठ्यपुस्तक हाम्रो अजयमेरु छपाई गरी सबै विद्यार्थीहरुलाई समयमा नै उपलब्ध गरिएको छ।

२. श्री चन्द्रज्योती आधारभूत विद्यालय अजयमेरु ४ धारीमा सूचना प्रविधि सहितको पुस्तकालय तथा विज्ञान प्रयोगशाला व्यवस्थापन कार्य सम्पन्न भएको छ ।

३. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड वितरण गरिएको छ ।

४. वाल विकास देखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीहरुका लागि सञ्चालित दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग गरी खाजा व्यवस्थापन गर्न सरोकारबालाहरुसित अन्तर्क्रिया तथा छलफल कार्यक्रम संचालन गरिएको छ । १-५ मा अध्ययनरत छात्रा, दलित छात्र र अपाङ्गहरुका लागि छात्रवृति र विपन्न लक्षित छात्रवृत्ती बैंक खाता मार्फत विद्यार्थीको खातामा नै छात्रवृत्री उपलब्ध गरिएको छ ।

५. दश बर्षे गाउँ शिक्षा योजना निर्माण कार्य सम्पन्न भएको र प्र.अ. बैठक तथा शिक्षा समिति बैठक र विषयगत बैठक नियमित सञ्चालन गरिएको छ ।

६. गाउँपालिकाको आफ्नै शैक्षिक क्यालेन्डर निर्माण गरी निःशुल्क वितरण गरिएको छ ।

७. शिक्षक संख्या कम भएका र विषयगत दरवन्दी कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षकको निरन्तरता दिइएको छ ।

८. ५ जना चिकित्सा शिक्षा अध्ययनरत अजयमेरु गाउँपालिका भित्रका विद्यार्थीहरुलाई MBBS अध्ययन छात्रवृत्ति प्रदान गरिएको छ ।

९. आधारभूत तह उत्तीर्ण परीक्षा र विद्यालय स्तरीय परीक्षा एकरुपताका साथ सञ्चालन गरिएको छ ।

१०. नमूना विद्यालय भौतिक तथा शैक्षिक कार्यक्रम र विशेष विद्यालय पूर्वाधार अन्तरगत दुई वटा विद्यालयमा नमुना भवन निर्माण कार्यसम्पन्नको चरणमा रहेको छ।

११. विद्यालय स्तरीय वालक्लब गठन पश्चात गाउँपालिका स्तरीय वालसञ्जाल गठन तथा समावेशी शिक्षा र बालबालिकाहरुको सहभागितामा बाल भेला सम्पन्न गरी माध्यमिक तह स्तरीय हाजिरी जवाफ प्रतियोगिता र आधारभूत तह स्तरी निबन्ध प्रतियोगिता सम्पन्न गरिएको छ ।

१२. विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ (**ReAL Plan**) योजना सम्बन्धी क्रियाकलाप सम्पन्न गरिएकोछ ।

१३. आधारभूत बिधायालय स्तरीय चौथो उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अजयमेरु गाउँपालिका स्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, जिल्ला स्तरीय १६ औ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगाएता खेलकुद तथा

प्रदेशस्तरका खेलकुदमा खेलाडीहरुको सहभागिता गराइदै आएकोछ साथै पालिका तथा विद्यालय स्तरका सबै कृयाकलापहरुमा बालबालिकाहरुको  अनिवार्य सहभागिता हुने व्यवस्था गरिएकोछ ।

१४.राष्ट्रपति र उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यालयहरुलाई खाजा व्यवस्थापन खर्चका लागि अनुदान उपलब्ध गराइदै आएको र प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यालयलाई नगद सहित प्रोहत्सान गरिएको छ।

१५.माध्यमिक विद्यालय आयोजक भई सञ्चालन हुने शिक्षक कर्मचारी मैत्रीपूर्ण भलिबल प्रतियोगिता श्री केदारशिसु सुधारक माविको आयोजनामा संचालन गरिएको छ ।

१६.खेलाडीको उत्पादन तथा विकासका लागि गाउँपालिका र वडा तहमा खेलकुदहरु आयोजना गरी प्रतियोगिता सञ्चालन भएको छ ।

१७.सामुदायिक विकास केन्द्र डोटी तथा UNICEF सँगको साझेदारीमा १५ वटा विद्यालयका शिक्षक तथा सरोकारवाहरुका लागि विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम उपलब्ध गराइएको छ । साथै Educational Pages र राष्ट्रिय हलिया मुक्त समाजसँगको सहकार्यमा विभिन्न शैक्षिक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

१८.लैगिक तथा समावेशी शिक्षा नीति तथा कार्यविधि बारे कार्यशाला आयोजना, एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम सञ्चालन गरिएको छ ।

१९.सामुदायिक सिकाई केन्द्रहरुको परिचालनका माध्यमबाट अनिबार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन कार्य सम्पन्न  गरि विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याई भर्ना गरिएको छ।

२०.गाउँपालिकाका विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुका शिक्षकहरुको अन्य विद्यालयमा काज सरुवा गरिएको छ।

२१.शिक्षक सेवा आयोगबाट स्थायी नियुक्त भई आएको नवप्रवेशी शिक्षकहरुका लागि मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको छ।

२२.विद्यालय शिक्षक तथा शिक्षाप्रेमी र बुद्धिजीवीहरुसँग शैक्षिक बहस तथा अन्तरक्रियाका लागि तेस्रो शैक्षिक सम्मेलन सम्पन्न गरिएको छ।

२३.सबे विद्यालयबाट १ जना शिक्षकहरुको सहभागिता गराइ सूचना प्रविधि र तथ्याङ्क व्यवस्थापन सम्बन्धी २ दिने तालिम सम्पन्न गरिएको छ ।

२४.गाउँपालिकाभित्रका माध्यमिक विद्यालयका शिक्षकहरुको बैठक गरी विषयगत समिति निर्माण गरी कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइएको छ ।

२५.मासिक रुपमा शिक्षक कर्मचारीहरुको तलब भत्ता व्यक्तिगत खातामा निकासा गरिएको छ ।

२६.डिजिटल साक्षरता सम्बन्धि साझेदारीमा कार्यक्रम सञ्चालनको चरणमा रहेको छ ।

२७.कक्षा ८ कक्षा १० मा उत्कृट नतिजा ल्याउने विद्यार्थि, विषयगत शिक्षक लाई सम्मान तथा पुरस्कृत गरिनुका साथै लामो समय विद्यालयमा सेवा गरि निवृत हुने शिक्षक कर्मचारीहरुलाई सम्मान गरिएको छ ।

२८. तेस्रो शैक्षिक सम्बेलन तयारीको चरणमा रहेको छ ।

<u>स्वास्थ्य शाखाः</u>

१. अजयमेरु गाउँपालिको केन्द्र भद्रपुरमा आधारभूत अस्पतालमा MBBS डाक्टर सहित भिडियो एक्सरे र ECG सेवा सहित आँखा उपचार केन्द्र र पञ्चकर्म सेवा तथा पूर्वकर्म सेवालाई थप प्रभावकारी ढंगले सञ्चालनमा ल्याईएको छ ।
२. सबै वडा तथा पालिका लाई पूर्ण संस्थागत प्रसुति सुनिश्चित तथा दिगोपना वडा घोषणा गर्न लाइन लिस्टिङ को कार्य चलिरहेको छ ।
३. ६ वटै वडालाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडी बढेको छ ।
४. योगदानमा आधारित महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गरिएको छ ।
५. वडा नं १ पुईलेकलाई पोषणयुक्तको आधार कार्य सम्पन्न गरिएको छ ।
६. गाउँपालिकामै कोल्डचेन सवसेन्टर स्थापना गरी बालबालिकालाई खोप सेवा सञ्चालन गरिएको छ ।
७. गाउँपालिकाको सदरमुकाममा निःशुल्क आखाँ अपरेशन शिविरबाट मोतिबिन्दु तथा आँखामा मासु पलाएको ५५ जनाले सेवा प्राप्त गर्नुका साथै तथा निःशुल्क २७७ वटा चस्मा वितरण गरिएको छ ।
८. विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर अजयमेरु गाउँपालिकाका सम्पूर्ण वडाहरु तथा दुर्गम बस्ति भुल्कुडा र खतेडा सामुदायिक स्वास्थ्य ईकाइ हरुमा संचालन गरी शिबिरमा जनरल चेकाजाँच तथा अर्थोपेडिक सर्जन लगायतका चिकित्सकहरुको संलग्नतामा १८९३ जनाले स्वास्थ्य सेवा प्रदान गरिएको छ साथै स्वास्थ्य कार्यालय डडेल्धुराको सहयोगमा देवल स्वास्थ्य चौकीमा प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।
९. देवल स्वास्थ्य चौकी र भद्रपुर आधारभूत अस्पतालबाट एम्बुलेन्स सेवा निरन्तर संचालनमा रहेको छ ।
१०. गाउँघर डाक्टर, नियमित संस्थागत तथा मोबाइल भिडियो एक्स-रे सेवालाई निरन्तरता दिइएको छ।
११. नसर्ने रोगको स्क्रिनिङ स्वास्थ्य शिबिर गाउँपालिकाका सम्पूर्ण बस्तिहरुमा संचालन गरि ४२४० जनाको स्क्रिनिङ गर्ने कार्य गरिएको छ ।
१२. क्षयरोगमुक्त पालिका बनाउनका लागि विविध कार्यक्रम संचालन गरिएको छ ।
१३. १० वटा विद्यालयमा ५ जना विद्यालय नर्श द्वारा विद्यालय नर्सिङ कार्यक्रम संचालन गरिएको छ।
१४. पोषण विशेष कार्यक्रम अन्तर्गत विविध कार्यक्रमहरु संचालन गरिएको छ ।
१५. भद्रपुर आधारभुत अस्पताल बाट स्वास्थ्य बिमा कार्यक्रम, अन्तरगं सेवा (indoor service संचालनमा ल्याइएको छ ।
१६. चुल्लेक स्वास्थ्य इकाइ संचालनमा ल्याइएको छ ।
१७. वडा न ६ मा नागरिक आरोग्य केन्द्र संचालनमा ल्याइएको छ ।
१८. पोषण चौतारि कार्यक्रम संचालनमा ल्याइएको छ ।
१९. गाउँपालिका भित्रका सबै १००० दिनका आमाहरुलाइ सुनौलो हजार दिनको महत्व र पोषण सम्बन्धि अभिमुखिकरण गरिएको छ ।
२०. मनोसामाजिक परामर्श कार्यक्रम नियमित संचालनमा रहेको छ ।
२१. गुवाडी स्वास्थ्य केन्द्र वडा नं ६ संचालनको चरणमा रहेको छ ।

**<u>भौतिक पूर्वाधार शाखा तर्फः</u>**

उपभोक्ता समिति मार्फत गरिएका कार्यहरुको प्रगति विवरण

१. २.५९ कि.मि. नयाँ सडक ट्र्याक खोल्ने, ४.५७ कि.मि.मर्मत सुधार गरि स्तरोन्निति, १०५ मि. सोलिङ, बाटो सुधारको काम सम्पन्न भएको छ ।
२. ११३ मिटर सिचाँई कुलो निर्माण, २ वटा सिचाई ईन्टेक र २ वटा सिचाई पोखरी निर्माण गरिएका छन ।
३. सोझै मागको आधारमा पाईप जाली र ग्याविन जालि वितरण कार्यलाई पूर्ण रुपमा निस्तेज गरि गरि वास्तविक आवश्यताको आधारमा भेरिफाई गरि लाभग्राहिको सहभागिता सहित पाईप वितरण कार्य सुचारु गरिएको छ।
४. ५ वटा सामुदायिक भवनको निर्माण सम्पन्न भएका छन ।
५. संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तरगत १४ वटा मठ मन्दिरहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ ।
६. भौतिक पुर्वाधार जन्य संरचनाहरुको क्वालिटि कन्ट्रोलका लागि कंक्रिट ह्यामर र भर्नियर स्केल लगायतका उपकरणहरुको प्रयोग गरि दिगो भौतिक पुर्वाधार निर्माण गर्ने कार्य गरिएको छ ।
७. बर्खायाममा बिग्रिएका गाउँपालिका भरिका सबै सडकहरुको पहिरो सरसफाई गर्ने कार्य समयमै सम्पन्न गरिएको छ ।
८. आ.व.को अन्तिममा भौतिक पुर्वाधार का योजनाहरु सम्पन्न गरिने उपभोक्ताहरुको परिपाटिलाई घटाई समयमै योजना सम्झौता गरि जेठ ३० सम्म ५५ प्रतिशत भौतिक प्रगति गरिएको छ ।
९. खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत ७०८ मि पाईपलाईन निर्माण ५ वटा न्वाला मर्मत तथा पूर्ननिर्माण २ वटा ईन्टेक निर्माण तथा ८ वटा खानेपानी टंकि र ३० मि. लामो पेटि पर्खाल निर्माण सम्पन्न ।

ठेक्का मार्फत गरिएका कार्यहरुको प्रगति विवरण

१. बालकल्याण नमुना मा.वि.को १२ कोठे प्रशासकिय भवन निर्माणको कार्य अन्तिम चरणमा रहि यसै आ.व.को अन्त्य सम्म सम्पन्न हुन गईरहेको छ ।
२. अमरगढी नगरपालिका डडेल्धुरा र अजयमेरु वडा न ४ र २ टुडिखेल भलिया हुदै चमडा जोड्ने दोगाड -चमडा सडक खण्ड स्तरोन्नति कार्य, भद्रपुर गुनपाल मगराउ भुल्कुडा सडक अजयमेरु वडा नं ३ ,पुइलेक कोला समैजि हरियालि सडक अजयमेरु १ ,मालझुल ओडिगाउँ ढिपुर अजयमेरु ५ सडक स्तरोन्नति यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ
३. अजयमेरु गा.पा राजुल वडी बजार पिस पार्क निर्माण कार्य यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।
४. अजयमेरु गाउँपालिका वडा न ६ भण्डारी गाउ बहुउद्देश्यीय सामुदायिक भवन निर्माण कार्य यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।

५. अजयमेरु गा.पा वडा नं ०६, गंगेश्वर धाम पर्यटन पूर्वाधार विकास कार्यक्रम यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।
६. अनारखोलिदेखि खतेडा मगराउ भुल्कुडा देवल सडक अजयमेरु गाउँपालिका वडा नं १ देखि ५ सम्म, देउपुजनादेखि करकट्टा टोलसम्म बाटो सोलिङ र पि सि सि निर्माण कार्य, वेतालमाण्डौ पहिरो नियन्त्रण चमडा - डुणला तल्लागाउँ-मेलौलि पर्यटकीय पदमार्ग निर्माण कार्य यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।

७. सेलाखोला तटवन्धन योजना अजयमेरु ५ निर्माण सम्पन्न भएको छ।
८. जलतडा खडिवगड सिचाइ अजयमेरु वडा नं ६ निर्माण सम्पन्न भएको छ साथै नौलाकोट खानेपानि मर्मत सम्भार अजयमेरु ३,चोरमुल डाँडा खानेपानि योजना अजयमेरु वडा नं २ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।
९. पिडखला सिचाइ पोखरि तथा खानेपानि योजना अजयमेरु वडा नं ५ लामासिमि देउल्लि डागा खानेपानि योजना अजयमेरु वडा नं २ ,गाल मटेला बृहत खानेपानि योजना अजयमेरु ५ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ ।
१०.दुर्गाभगवति गुनपाल भौतिक पुर्वाधार निर्माण योजना यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ।
११.हंसराज मन्दिर निर्माण अजयमेरु ५ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ।
१२.भण्डारीगाउ स्वास्थ्य क्लिनिक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको, स्वास्थ्य पुर्वाधार विकास वडा नं ५ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ।स्वास्थ्य चौकि पुननिर्माण तथा ओजार उपकरण खरिद वडा न. २ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ।
१३.शिक्षा पुर्वाधार विकास अजयमेरु ६ यसै आ.व. मा सम्पन्न हुन गईरहेको छ।
१४.सोर्नाया डागेश्वरि बहुउपयोगि लिफ्ट खानेपानि सिचाँई योजनाको पाईपलाईन जडान गर्ने कार्य सम्पन्न भई सम्पवैल निर्माण कार्य प्रारम्भ भएको छ।
१५.गाउँपालिकाबाट हुने पुर्वाधार लगायत अन्य खरिदको कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयको खरिद प्रणालि मार्फत संचालनमा ल्याइएको छ।

**सुशासन तथा सेवा प्रबाह तर्फः**

१. गाउँपालिकाका सूचनाहरू नियमित रुपमा डिजिटल प्रकाशन गरिएको छ।
२. संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा तयार गरिएका LGPASS प्रणाली मा गत आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न गरीएका सम्पूर्ण शाखाहरूका महत्वपूर्ण योजना तथा कार्यक्रमहरूलाई प्रमाणित कागजातहरू सफ्टवेयर प्रणालिमा नियमित प्रविष्ट गर्ने गरीएको छ।
३. गाउँपालिकाले प्रयोग गर्ने एकिकृत प्लेटफर्म (ईमेल, फेसबुक, विभिन्न सफ्टवेयर र अन्य अनलाईन पोर्टलहरू) को सुरक्षाका लागि विभिन्न किसिमको डिजिटल सुरक्षा जस्तै Digital Signature, Firewall ,Antivirus जस्ता सफ्टवेयर टुलको प्रयोग तथा डिजिटल रुपमा गुनासो संकलन गर्न QR कोडको व्यवस्था गरीएको छ।
४. राजश्व संकलन प्रणालीलाई चुस्त दुरुस्त तथा व्यवस्थित बनाउनका लागि महालेखा नियन्त्रण कार्यालयले तयार पारेको SuTRA प्रणालीको पूर्ण मोडयुल सञ्चालनमा ल्याईएको छ ।

५. गाउँपालिकाका विभिन्न शाखाबाट सम्पादित हुने दैनिक क्रियाकलापहरूको मासिक रिपोर्ट र वडा कार्यालहरूले मासिक रुपमा तयार गर्ने वडा गत रिपोर्टलाई एकै ठाउँमा हेर्ने र अनलाइनको माध्यमबाट जतिवेला पनि हेर्न मिल्ने गरी Google Sheet तयार गरीएको छ।
६. गाउँपालिकाको वडा नं १,३,४,५,६ र गाउँपालिकाको कार्यालयमा फाइवर सेवा सुरु गरिएको आगामी वर्षमा वडा नं २ सम्म पनि विस्तार हुनेछ।
७. गाउँपालिकाले बालश्रममुक्त पालिका घोषणा तथा गाउँपालिकाको एकिकृत तथ्याङ्क संकलन गर्नका लागि प्रत्येक वडामा संकलित विवरणहरूलाई व्यवस्थित रुपमा राख्नका लागि सफ्टवेयर निर्माण गरिएको र तथ्याङ्क संकलन सफ्टवेयरमा इन्ट्री गर्ने कार्य भईसकेको छ।
८. वडा कार्यालयहरूले प्रयोग गर्ने केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीको सञ्चालनका लागि नियमित रुपमा technical support गरीएको छ।
९. गाउँपालिका अन्तर्गतका सबै कर्मचारी, स्वास्थ्यकर्मिको व्यक्तिगत फाईल अद्यावधिक गरिएको छ।
१०. वडा नं १ को कार्यालयबाट अति विपन्न मृत्यु भएको व्यक्तिको घरपरिवारलाई अन्तेष्टी खर्च वितरण, वन तथा वातावरण सम्बन्धि सरोकारवालालाई अभिमुखिकरण कार्यक्रम गरिएको छ।
११. यस गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना र डिजिटल प्रोफाईल निर्माण कार्य प्रारम्भ भएको छ ।

**आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**

सम्मानित गाउँसभाका सदस्यज्यूहरू ।

“समावेशी र सन्तुलित विकास

समृद्ध अजयमेरुको मूल आधार”

भन्ने मूल नाराका साथ म अब आर्थिक वर्ष ०८३/८४ को अजयमेरु गाउँपालिकाको नीति, तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. गाउँपालिकालाई वि.सं. २०९० सम्म कृषि क्षेत्रमा आत्मनिर्भर भई निर्यात समेत गरिने तथा कृषि पेसालाई व्यावसायिक, सम्मानित र आकर्षक पेसाका रूपमा स्थापित गर्ने लक्ष्यसहित कृषि क्षेत्रको समग्र रूपान्तरणमा जोड दिइनेछ। गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, वैज्ञानिकीकरण, आधुनिकीकरण र विविधीकरण बिना अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार सम्भव नहुने यथार्थलाई आत्मसात गर्दै कृषि उत्पादन प्रणालीलाई स्थानीय भूगोल, वातावरण तथा जलवायु अनुकूल बनाइनेछ। साथै, आधुनिक प्रविधि, नवप्रवर्तन तथा बजारमुखी उत्पादन मार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी रोजगारी सिर्जना, आयवृद्धि र आर्थिक समृद्धिको दिगो आधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२. “प्राविधिक सेवा खेतबारीमा, उत्पादन बृद्धि घर घरमा” भन्ने मूल नाराका साथ एक गाउँ एक प्राविधिक कार्यक्रमलाई लागत साझेदारीमा निरन्तरता दिदै बाँकि वडाका कृषि, पशु सेवामा कार्यरत प्राविधिकहरुलाई निरन्तरता दिईनेछ ।

३. गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको आलु, भटमास, तरकारी, बाख्रा, कुखुरा उत्पादनमा बढोत्तरी गर्न तथा आम जनताको प्रमुख व्यवसायको रुपमा विकास गराउन विउमा लागत साझेदारी लगायत अन्य कार्यक्रम गरिनेछ । संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा आलु, भटमास जोन कार्यक्रमलाइ प्रभावकारी वनाइनेछ । साथै फलफूल,मसला, तरकारी र बाख्रा पकेट क्षेत्रलाई विस्तार गरिनेछ।

४. कृषि क्षेत्रको आधुनिकीकरण, पोषण सुरक्षाको प्रवर्द्धन तथा किसानको आय वृद्धिलाई लक्षित गर्दै आगामी वर्ष फलफूल विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय भू–परिस्थिति र हावापानी अनुसार उपयुक्त फलफूल खेतीको विस्तार, उन्नत तथा गुणस्तरीय बिरुवाको उपलब्धता, प्राविधिक सेवा प्रवाह, सिंचाइ तथा बगैंचा व्यवस्थापनमा सहजीकरण गरिनेछ। साथै उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृंखला सुदृढ गर्दै किसानलाई व्यावसायिक फलफूल खेतीतर्फ आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ। यस कार्यक्रममार्फत फलफूल उत्पादन वृद्धि, रोजगारी सीर्जना, पोषणयुक्त खाद्य उपलब्धता र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

५. माटो तथा बाली रोग परीक्षण, कृषि विशेषज्ञसहितका घुम्ती शिविरमार्फत दुर्गम बस्तीमै प्राविधिक सेवा पुर्याइनेछ। फलफूल बगैंचा विस्तार, उन्नत तथा स्थानीय बीउ-बिजन वितरण, साना सिँचाइ, प्लास्टिक पोखरी, गोठ तथा भकारो सुधार, तरकारी नर्सरी, च्याउ, स्थानीय कुखुरा तथा घाँस खेती प्रवर्द्धन गरी कृषि उत्पादन वृद्धि गरिनेछ। सहकारी तथा समूहमार्फत बाख्रा, भैंसी, गाई र कुखुरा पालन व्यवसाय तथा निजी कृषि-पशुपालन फर्म विकासलाई प्रोत्साहन गर्दै कृषक उद्यमशीलता अभिवृद्धि गरिनेछ। मागमा आधारित डेरी विकास, जैविक सामग्री वितरण तथा अन्य उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ। साथै, व्यावसायिक भैंसी तथा उन्नत गाईपालन गर्ने कृषकलाई प्रदान गर्दिंदै आएको पशु सुत्केरी आहार भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. कृषक, जग्गाजमिन तथा पशुपन्छीको अनलाइन दर्ता तथा अभिलेखीकरणलाई निरन्तरता दिँदै कृषक परिचयपत्र कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। “खेतबाट बजार, कृषि एम्बुलेन्स तयार” अभियान मार्फत कृषि एम्बुलेन्स सेवाको निरन्तरता दिई कृषि उपजको संकलन, ढुवानी र बजारीकरणलाई व्यवस्थित गरिनेछ। साथै पालिकामा उत्पादित तरकारी तथा कृषि उपजको दीर्घकालीन भण्डारण र बजारीकरणका लागि कृषि ज्ञान केन्द्र तथा निजी क्षेत्रसँगको सहकार्यमा कोल्ड स्टोर स्थापनाको पहल गरिनेछ।

७. “कृषिमा पहिला, आत्मनिर्भर महिला” नीतिलाई निरन्तरता दिँदै रैथाने बाली तथा बीउको संरक्षण र प्रवर्द्धन गरिनेछ। कृषि बीमा प्रिमियममा लागत साझेदारीमार्फत कृषकलाई प्रोत्साहन गर्दै जंगली जनावर तथा छाडा पशुबाट हुने क्षतिको प्रभाव न्यूनीकरण गरिनेछ। बाँझो जमिनको उपयोगलाई प्राथमिकता दिई व्यावसायिक खेती, अनारखेति, एभोकाडो, ओखर, अमिलो लगायतका उच्च मूल्यका फलफूल तथा मसला बाली विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। चैते धान क्षेत्र विस्तार, माटो परीक्षण, उत्कृष्ट कृषक सम्मान, घरबारी तथा पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ। साथै, कृषक समूहलाई प्रोत्साहन गर्दै भण्डारण, संकलन,

बजारीकरण र कृषि सामग्रीको सहज आपूर्तिका लागि आवश्यक पूर्वाधार विकास गरी निजी क्षेत्र र सहकारीको साझेदारीमा कृषि क्षेत्रलाई थप व्यावसायिक, आयमूलक र दिगो बनाइनेछ।

८. नेट सहितको पोलिहाउस कार्यक्रमलाई अगाडी बढाई मागमा आधारित कार्यक्रम मार्फत प्रविधि जन्य कृषि मल्चिङ प्लाष्टिक घरमा सहयोग गरी उत्पादनलाई बढोत्तरी गरिनेछ साथै ५० प्रतिशत अनुदानमा गोला सहित माहुरी घार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ र आकस्मीक बाली संरक्षण कोष स्थापना गर्न पहल गरिनेछ ।

९. कृषि बालीमा प्रयोग हुने विषादीको सुरक्षित तथा विवेकपूर्ण प्रयोगसम्बन्धी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै, किसानका खेतबारीमा आकस्मिक रूपमा देखा पर्ने रोग, कीरा तथा अन्य गम्भीर समस्याको समयमै व्यवस्थापनका लागि शीघ्र प्रतिकार्य प्रणालीको विकास तथा सुदृढीकरण गरिनेछ।

१०. पशु पालन, घाँस खेती, गोठ सुधार, पशु मुत्र संकलन, झोल मल उत्पादन, जैविक विषादी उत्पादन तथा प्रयोग, सूक्ष्म जौविक मल आदिवाट माटोको उर्वरापन बढोत्तरी गरिनेछ ।

११. कृषि क्षेत्रको आधुनिकीकरण तथा प्रविधिमैत्री विकासका लागि संघ, प्रदेश र गाउँपालिकाको लागत साझेदारीमा हाते ट्र्याक्टर, थ्रेसर लगायतका आधुनिक कृषि औजार तथा प्रविधिको विस्तार गरिनेछ। कृषकहरूलाई संगठित र सशक्त बनाउन टोलस्तरमा कृषक समूह तथा सहकारी गठन गरी कृषि प्रविधि, सीप र नवप्रवर्तनको हस्तान्तरण गरिनेछ। साथै, कृषि क्षेत्रमा समन्वय, अनुभव आदानप्रदान र व्यावसायिक हित प्रवर्द्धनका लागि अजयमेरु गाउँपालिकामा व्यावसायिक किसान सञ्जाल क्रियाशिल बनाईनेछ ।

१२. प्लास्टिकजन्य फूलमालाको प्रयोग पूर्ण रुपमा निरुत्साहित गरी पुष्प खेती तथा पुष्प बगैंचा निर्माणलाई प्रोत्साहन गरिनेछ। फूल तथा बिरुवा उत्पादनमा आत्मनिर्भरता बढाउन व्यावसायिक नर्सरी फर्महरूको विकास, विस्तार तथा प्रवर्द्धनका लागि आवश्यक अनुदान तथा सहयोग उपलब्ध गराइनेछ।

१३. कृषकको घर दैलोमै सर्बसुलभ सेवा उपलब्ध गराउन गाउँपालिका भित्र रहेका कृषी तथा पशु सेवा ईकाईमा सञ्चालित एग्रोभेटहरुलाई निरन्तरता दिदैं पशु रोग (रेविज, पिपिआर, लम्पी स्कीन,खोरेत, जुनेटिक ) पहिचान र खोप तथा नियमित उपचारका लागि ६ वटै वडामा पशु प्रयोगशाला (ल्याब) निरन्तरता दिईनेछ ।

१४. पिल्कोटी च्याखुरा लगायतका स्थानीय जात तथा प्रजातिहरूको संरक्षण, संवर्द्धन, विकास र प्रचारप्रसारलाई प्राथमिकता दिइनेछ, जसबाट स्थानीय जैविक विविधता संरक्षणका साथै कृषि तथा पशुपालन क्षेत्रको दिगो विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

१५. प्रजननयोग्य भैंसीको संरक्षणका लागि निर्यात अभिलेख व्यवस्थापन तथा निर्यात नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। अति विपन्न, दलित तथा महिला समुदायलाई लक्षित कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरी आयआर्जनका अवसर विस्तार गरिनेछ। साथै, दूध, अण्डा तथा मासु उत्पादन वृद्धि गर्न स्थानीय गाई–भैंसीमा कृत्रिम गर्भाधान सेवा, ड्युल कुखुरा तथा बाख्रापालन व्यवसाय प्रवर्द्धनलाई निरन्तरता दिई उत्पादन तथा बजारीकरण जोड दिइनेछ।

१६. गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ। गाउँपालिकाभित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो

सिप विकासका कार्यक्रमहरुमा आवद्ध गराईने छ । साथै गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्योगको उत्पादन गाउँपालिकामा अनिवार्य प्रयोग गर्ने नीति लिइनेछ ।

१७.परम्परागत पानी घट्ट, कोलु, मगराउँ (ढुङ्गे धारा) लाइ स्तरीकरण तथा संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ ।

१८.गाउँपालिका भित्र रहेका लघु, घरेलु तथा साना उद्योग–व्यवसायलाई व्यवस्थित, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउन प्रविधि हस्तान्तरण, आधुनिकीकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय कलाकृति, सीप तथा परम्परागत उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने उद्यमीलाई प्रोत्साहन गरिनेछ। साथै स्थानीय स्तरमा उत्पादित कृषि तथा अन्य वस्तुहरूको बजार विस्तार र निर्यात प्रवर्द्धनका लागि प्याकिङ, लेबलिङ, ब्रान्डिङ तथा बजारीकरणमा आवश्यक अनुदान तथा सहयोगको व्यवस्था गरिनेछ। साथै बह्य Supply chain and value chain संग आवद्ध गर्ने व्यबस्था मिलाईने छ ।

१९.पसलमा जंक फुड, सुर्तिजन्य पदार्थ, खाद्यान्न लगायतका सामानलाई छुट्टाछुट्टै राखी विक्री वितरण गर्न लगाउने तथा अनिवार्य त्रैमासिक रूपमा प्रभावकारी ढङ्गले बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

२०.स्थानीय स्तरमा उपलब्ध अमला, कोइरालो, आँप, लसुन, कागती लगायतका कृषि तथा वनजन्य स्रोतसाधनको उपयोग गरी अचार तथा अन्य मूल्य अभिवृद्धियुक्त वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापना र प्रवर्द्धन गरिनेछ। महिलाहरूलाई उद्यमशीलता तथा स्वरोजगारमार्फत आत्मनिर्भर बनाउन दुनाटपरी, छाप्रो निर्माण, होजियारी, डोलकुसुम, मालापोते लगायतका सीपमूलक तालिमलाई निरन्तरता दिइनेछ।

२१.अजयमेरु गाउँपालिका भित्र प्रशस्त मात्रामा रहेको ढुङ्गा, गीट्टी, वालुवा र सीलेट लगायत खानी जन्य पदार्थको उत्खनन र वजारी करण गर्न आवश्यक निती अवलम्वन गरी आन्तरीक आम्दानी वृद्धी गर्ने लक्ष्य लिइनेछ ।

२२.एक घर एक उद्यमी, एक टोल एक उत्पादन, एक वडा एक लघु/मझौला उद्योग स्थापनाका लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।उत्कृष्ट युवा उद्यमीलाई प्रोत्साहन र सम्मान गर्नका लागी आवश्यक मापदण्ड निर्माण कार्यको थालनी गरिनेछ ।

२३.गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय सम्पदा र पूर्वाधारहरूको विकास, संरक्षण तथा प्रवर्द्धन गरिनेछ। यस्ता सम्पदाहरूको अभिलेखीकरण, डकुमेन्ट्री निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ। साथै “संस्कृती र कलाका माध्यमबाट अजयमेरुको पहिचान” भन्ने अवधारणा अनुरुप स्थानीय चाडपर्व, मेला,महोत्सव दिवस तथा फाग, भैलो, होली, चैत, धुमारी, गौरानाच लगायतका मौलिक सांस्कृतिक धरोहरहरूको संरक्षण, संवर्द्धन र पुस्तान्तरणका लागि प्रचारात्मक, प्रवर्द्धनात्मक तथा प्रदर्शनीमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२४.अजयमेरुकोटको पर्यटकीय पूर्वाधार विकास, पुरातात्त्विक सम्पदाको संरक्षण, उत्खनन तथा जीर्णोद्धारका कार्यलाई प्राथमिकता दिई संघीय सरकार, प्रदेश सरकार तथा पुरातत्व विभागसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ। अजयमेरुकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक पहल गरिनुका साथै कोट अन्तर्गत जीर्ण रहेका संरचनाहरूको संरक्षण एवं पुनःस्थापना गरिनेछ। साथै अजयमेरुकोट भ्रमणमा आउने पर्यटकहरूको अभिलेखीकरण, सुरक्षा तथा सहज व्यवस्थापनका लागि स्थानीय बासिन्दाको सहकार्यमा Homestay को व्यवस्था तथा नियमित पालोपहरा व्यवस्था गरिनेछ। शहीद स्मृति पार्कहरुसहित गाउँपालिकाभित्र रहेका पार्कहरूको

व्यवस्थापन, सौन्दर्यीकरण तथा स्तरोन्नति गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

२५.अजयमेरुकोट, देवल, गणेशधुरा, मगराउ, शिखर,जगन्नाथ, डागेश्वरी,कोला समैजि, गंगेश्वर, दुर्गाभगवति, चोरा भगवति, सहस्त्रलिङ्ग वेताल,हंसराज, लटाकटारी, खिरेश्वर घनघस्या लेक,रानीवन लगायतका स्थानको समग्र गुरुयोजना निर्माण गर्ने कार्य लगायत अजयमेरु कोट, देवल पार्क, भागेश्वर धुरा, झालमाण्डौ लगायत पर्यटकीय क्षेत्रमा भौतिक संरचनाका कामहरुलाई निरन्तरता दिइ अघरीगाड,घनघस्याक्षेत्र, अजयमेरुकोट पदमार्गको प्रचारप्रसार गर्न ब्रुसर निर्माण कार्यको सुरुवात गरिनेछ ।

२६.पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा मर्मत गर्दा आधुनिक प्रविधिको प्रयोगलाई निरुत्साहित गर्दै अजयमेरु गाउँपालिका वडा नम्बर ४ मा रहेको डोटेली संग्रहालयलाई व्यवस्थित बनाई स्थानीय काष्टकला, मूर्तिकला, बास्तुकला तथा अन्य कलाहरुको बजारिकरणका लागि निजि क्षेत्र संग समन्वय गरिनेछ ।

२७.डागेश्वरी, गंगेश्वर मन्दिर क्षेत्र भित्र धार्मिक बन स्थापना, देवल भागेश्वर पदमार्ग स्थापना, घनघस्या पदमार्ग स्थापना, देवदार संरक्षण क्षेत्र स्थापना, होमस्टे सञ्चालनका लागि निजिक्षेत्र, संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

२८.“सक्षम सहकारी, भरिन्छ भकारी” भन्ने मूल नाराका साथ गाउँपालिकाभित्रका सहकारी संस्थाहरूको एकीकरण, सुदृढीकरण, सुशासन तथा संस्थागत क्षमता अभिवृद्धिलाई प्रोत्साहन गरिनेछ। सबै घरधुरीलाई सहकारीसँग आबद्ध गर्दै सहकारी साक्षरता, प्रभावकारी नियमन, अनुगमन तथा वित्तीय सुशासनमा जोड दिइनेछ। कृषि क्षेत्रलाई सहकारीसँग आबद्ध गरी घुम्ती तथा बीउपूँजी कोष सञ्चालन, ऋण प्रवाहमा सहजीकरण, निष्क्रिय सहकारीहरूको पुनःसञ्चालन तथा सक्रिय सहकारीहरूको प्रवर्द्धन गरिनेछ। साथै गरिबी निवारण कोष र स्थानीय विकास कोषको रकम सहकारीमार्फत परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

२९.नागरिकको बैंकिङ तथा वित्तीय सेवामा पहुँच अभिवृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरूलाई जनताको घरदैलोमै सेवा प्रवाह गर्ने वातावरण सिर्जना गरिनेछ। साथै थप वित्तीय संस्थाहरू स्थापना गर्न आकर्षण गर्ने नीति अवलम्बन गर्दै कृषि तथा अन्य आयमूलक क्षेत्रमा ऋण लगानी र अनुदान प्रवाहलाई सहजीकरण गरिनेछ। गाउँपालिका भित्र कार्यक्षेत्र भएका बैंक तथा लघुवित्त संस्थाहरूलाई प्रभावकारी नियमन गर्दै सामाजिक उत्तरदायित्व कार्यक्रम अनिवार्य रूपमा गाउँपालिकासँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने बाध्यकारी नीति अपनाइनेछ।

३०. यस गाउँपालिकामा बढ्दै गई रहेको मासुजन्य उत्पादनलाई मध्यनजर गरी मासुको अचार बनाई यसको ब्राण्डिङ गर्ने कार्यको थालनिका लागि मासु अचार तालिमलाई सघन रुपमा सञ्चालन गरिनेछ।

३१.प्लाष्टिकमुक्त गाउँपालिका बनाउन फाईवरझोला निर्माण सम्बन्धी तालिम कार्यक्रम आयोजना गरिनेछ ।

३२."सीप, श्रम र उद्यमको सम्मान, समृद्ध अजयमेरुको अभियान"को नीतिलाई अबलम्ब गरिनेछ ।

३३."सीप विकासमा लगानी, आत्मनिर्भर जीवनको कहानी"को नीति ल्याईनेछ ।

३४."बैदेशिक रोजगारीवाट फर्किएका हातलाई सम्मान, उद्यमशीलताबाट नयाँ पहिचान" को नीति ल्याईनेछ ।

३५.उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ।

३६.उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरणका क्रियाकलाप संचालन, रिटर्नीहरुको तथ्याङ्क संकलन दर्ता तथा प्रोफाइल व्यवस्थापन गरी "रिटर्नी सूचना बैंक" स्थापना गरिनेछन ।

३७.मनोसामाजिक परामर्श सेवालाई गाउँपालिकाका गाउँ/बस्ती-वस्तीमा विस्तार गरिनेछ ।

३८.स्थानीय उत्पादनलाई प्रोत्साहन,ब्रान्डिङ (आवश्यक प्रचार प्रसार) र प्रवर्द्धन गरिनेछ ।

३९.बैक तथा सहकारी संस्था संग आवश्यक छलफल समन्वय र सहजिकरण गरी सहुलियत ऋण, अनुदानको व्यवस्था मिलाईनेछ।

४०.छिमेकी राष्ट्र भारत जाने गाउँपालिकावासीहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक कार्य नियमित गरिनेछ ।

४१.सुरक्षित आप्रवासनलाई थप व्यवस्थित बनाउन बैदेशिक रोजगारीमा जाने नागरिकलाइ बैदेशिक रोजगारिका चक्र र उनिहरुको परिवारलाई सुचना परामर्श गर्न सुरक्षित आप्रवाशन सुचना तथा परामर्स केन्द्रलाइ थप प्रभावकारी बनाईनेछ ।

४२.माध्यमिक तहसम्मको शिक्षालाई पूर्ण निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ।

४३.सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि ५० प्रतिशत लागत साझेदारिमा कम्तिमा दुई माध्यमिक विद्यालयमा दुई जनालाई ल्यापटप अनुदान उपलब्ध गराइनेछ।

४४. सामुदायिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र एआई सिकाइका लागि न्यूनतम पूर्वाधार पुऱ्याइनेछ।

४५.विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधारलाई एकीकृत योजना मार्फत गाउँ शिक्षा योजनाको कार्यान्वयन गरिनेछ।

४६.प्राविधिक धारतर्फ उच्च शिक्षा अध्ययनका लागि गाउँपालिका स्तर र वडास्तरबाट छात्रवृत्ती उपलब्ध गराइनेछ। साथै विपन्न लक्षित छात्रवृत्ति डिजिटल प्रणालीमार्फत सिधै विद्यार्थीको बैंक खातामा भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४७.विपन्न, सीमान्तकृत, दलित, जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरी अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनको प्रवन्ध गर्न विभिन्न संघसंस्थाहरुसँगको सहकार्य गरिनेछ।

४८.विशेष आवश्यकता भएका बालवालिकाहरुलाई समावेशी शिक्षाको व्यवस्थाको लागि आवश्यक सहजिकरण तथा पहल गरिनेछ।

४९.विद्यार्थीको स्वास्थ्य हाम्रो सरोकार बनाई विद्यालय दिवाखाजामा हरेक बार खाना चार अवलम्वन गर्ने र स्थानीय उत्पादनको प्रयोगमा निरन्तरता, विद्यार्थीको स्वास्थ्य परीक्षण र छात्राहरुका लागि सेनेटरी प्याड व्यवस्थापनलाई प्रभावकारी बनाउदैं लगिनेछ।

५०. शिक्षकको पेसागत क्षमता विकास तथा विद्यार्थीको उपलब्धीको आधारको मूल्याङ्कन Merit-based र पारदर्शी बनाइ शिक्षक सम्मान गर्ने व्यवस्था मिलाईनेछ।

५१.शिक्षकहरूको पेसागत विकास, व्यवस्थित अभिलेख र उत्कृष्ट कार्य गर्ने शिक्षकहरूका लागि "उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम" सञ्चालन गरिनेछ।

५२. प्रारम्भिक वालविकास सिकाइको मूल्यांकनमा आधारित बनाई लिई विद्यालय शिक्षालाई सिकाइमुखी बनाउन मूल्याङ्कन र प्रमाणीकरण प्रणालीको सवलिकरणका लागि व्यवस्थित रेकर्ड तथा नियमित सुधार गरिनेछ।

५३. प्राविधिक धार तर्फको विद्यार्थी भर्नालाई आकर्षक बनाइ आफ्नै पालिकामा प्रयोगात्मक कार्य गर्न तथा किसानको खेत बारीमा नै सिक्ने वातावरण मिलाईनेछ।

५४.विद्यार्थीहरुलाई प्रतिस्पर्धा हुने गरी पालिकास्तरमा विद्यार्थी प्रतिभा लगायतका अतिरिक्त क्रियाकलापहरुको निरन्तरता दिइनेछ।

५५. पालिकास्तरमा रहेका निवृत्त शिक्षकहरुको समूह निवृत्त शिक्षक हाम्रो शैक्षिक स्रोत हुने गरी विद्यालय अनुगमन तथा शैक्षिक सुधारका शैक्षिक दूत मा सूचिकृत गरिनेछ।

५६.यस पालिकामा स्थायी बसोवास भई विभिन्न क्षेत्रमा रहेका सफल तथा सक्षम शिक्षित नागरिकहरुको नामावली संकलन गरी यस गाउँपालिकाको विभिन्न क्षेत्रमा योगदानका लागि शैक्षिक तथा विज्ञ सम्पर्क मञ्च बनाइनेछ।

५७.शिक्षामा गरिने खर्च खर्च होइन लगानी हो भन्ने नारा सहित चौथो शैक्षिक सम्मेलनको आयोजना गरिनेछ।

५८.स्तृरिकृत परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई नगद सहित पुरस्कृत गरिनेछ। अध्यक्षको चाहना सुरक्षित बालवालिका कार्यक्रम अन्तरगत हरित विद्यालय, सुरक्षित विद्यालय तथा जलवायु परिवर्तन अनुकुलन सहित जोखिम न्यूनिकरणका साथै बालमैत्री संरचनाको विकास कार्यको सबै खाले संरचना निर्माणमा न्यूनतम मापदण्डको पालना अनिवार्य गरिनेछ।

५९.विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुका लागि औपचारिक शिक्षामा ल्याउन अनौपचारिक शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन गरिनेछ।यसका लागि यस पालिकामा कार्यरत गैरसरकारी संस्थाहरुसँगको कमन्वयमा थप प्रभावकरि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्दै अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चितताको पालिका घोषणा गरिनेछ।

६०.बालविबाह तथा दुर्वयसन र आत्महत्याको  बढ्दो समस्या समाधानका लागि चेतनामूलक कार्यक्रमहरु आयोजना गर्न गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि मनोसामाजिक परामर्श कार्यक्रहरुको आयोजना गरिनेछ ।

६१. विद्यालयमा आवासिय सुविधा सहित बसि रहेका शिक्षक कर्मचारिहरुले विद्यालय हाता भित्र अनिवार्य करेसावारी निर्माण गर्नुपर्ने र नियमित अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्ने नीति लिइनेछ।

६२. सबै तह तथा प्रकारका शिक्षक र कर्मचारिहरुको नियमित चक्रिय सरुवा गरिनेछ।

६३. गाउँपालिकाको एकिकृत शैक्षिक सूचना व्यबस्थापन प्रणाली (EMIS) लाई तथ्यपरक, अध्यावधिक, विश्वश्रियता तथा प्रमाणमा आधारित बनाईने छ । शैक्षिक तथ्याङ्कको गुणस्तर अभिबृद्धि गर्दै योजना निर्माण, बजेट बिनियोजन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाईने छ ।

६४.विद्यार्थी तथा यूवाहरुको खेलकुद तर्फको आकर्षणलाई मध्यनजर गरी उपराष्ट्रपति तथा राष्ट्रपति र खुला खेलकुद प्रतियोगिता सन्चालन तथा सहभागितालाई निरन्तरता दिइनेछ।

६५. जिल्लास्तर, क्षेत्रिय तथा राष्ट्रियस्तरमा पदक विजेता खेलाडिहरुलाई नगद पुरुस्कार सहित सम्मान कार्यको निरन्तरता दिदैं थप व्यवस्थित गरिदै लगिनेछ।

६६.खेलाडीहरुलाई प्रोत्साहन हुनेगरी खेलकुद प्रशिक्षकहरुलाइ निरन्तरता दिईनेछ साथै खुला अध्यक्षकप प्रतियोगीता महोत्सवको रुपमा आयोजना गरिनेछ ।

६७.यस गाउँपालिकामा कार्य क्षेत्र भएका संघसंस्थाहरुसँगको सहकार्यमा शिक्षकको पेसागत विकास, शैक्षिक व्यवस्थापन, विद्यार्थी क्रियाकलाप र प्राविधिक तथा शैक्षिक व्यवस्थापनमा साझेदारि गरनेछ।

६८.विभिन्न खेल विधामा उत्कृष्ट नतिजा ल्याउने खेलाडीहरुको खेलाडी बैंक स्थापना गरी उनिहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालनमा ल्याईनेछ ।

६९.विद्यालयमा विद्यार्थि भर्ना गरि विद्यार्थि टिकाउने, सिकाउने र बिकाउने कार्यको थालनी गरिनेछ ।

७०.सबै तहगत र कक्षागत  खुद तथा कुल विद्यार्थि भर्नादर वृद्धि गरि साथै विद्यालय छोड्नेदर शुन्यमा पुर्याईनेछ ।

७१."गाउँघरमा डाक्टर कार्यक्रम"मार्फत महिनामा एक पटक हरेक वार्डमा डाक्टर सहितको भिडियो एक्सरे, ई.सी.जी सेवा सञ्चालन कार्यक्रमलाई निरन्तरतादिई बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ बर्ष मुनिका बालबालिकाको पोषण लेखाजोखा गरि अति कुपोषीत वालवालीका केन्द्रीत बिशेष पोषण प्याकेज संचालन गरिनेछ ।

७२.किशोर किशोरीमैत्री स्वास्थ्य संस्थाको अबधारणाका साथै न्यूनतम सेवा मापदण्डमा सवै स्वास्थ्य संस्थाहरुलाई ८०% भन्दा माथी पुग्ने गरी पूर्वाधार विकास गरिनेछ।

७३.स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको आधारभुत स्वास्थ्यको पहुँच अभिबृद्धि गर्न दुर्गमवस्तीहरुमा सञ्चालीत सामुदायिक स्वास्थ्य इकाइलाई निरन्तरता दिइनेछ  ।

७४.पूर्ण संस्थागत प्रसुति सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा कार्यक्रमलाइ प्रभावकारी ढंङ्गले अगाडी बढाइ आगामि आ व मा गाउँपालिकालाई पूर्ण संस्थागत प्रसुति सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गर्दै पुर्ण मातृ तथा बालमृत्यु मुक्त तथा पुर्ण उत्तर प्रसुति र पूर्ण गर्भजाँच पालिका घोषणाको लागि तयारी,कुपोषण मुक्त पालिका घोषणाकोलागि पोषण विशेष कार्यक्रम संचालन तथा पूर्ण खोप सुनिश्चित कार्यक्रम लाई सुनिश्चित गरिनेछ।

७५.आधारभुत अस्पतालबाट डाक्टर सहितको ई.सी.जी., भिडीयो एक्स रे, एक्स रे,प्रयोगशाला, ओ.पि.डी सेवा लाई निरन्तरता दिई ग्रामिण भिडियो एक्सरे सेवा विस्तार गरीनेछ साथै गाउँपालिका भित्रका प्रत्येक बर्थिङ सेन्टरमा महिलाहरुको निशुल्क पाठेघरको क्यान्सर रोगको परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।

७६.स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावहरुलाई निरन्तरता दिदै आधुनिक उपकरण सहित प्रभावकारी बनाइनेछ विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन विशेषज्ञ सहितको वर्षमा कम्तिमा एक पटक स्वास्थ्य शिविर संचालन गरिनेछ साथै गाउँपालिकामा सल्यक्रिया सहितको आँखा सिविर संचालन गरिनेछ ।

७७.निशुल्क औषधी वितरण कार्यक्रमको सुचीमा नभएका केहि शसुल्क औषधी निसुल्क वितरण गरिनेछ ।

७८.मातृ तथा बालस्वास्थ्यका लागी महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्थालाई  प्रदान गरिदै आएको सञ्चार खर्चलाई निरन्तरता दिइनेछ ।

७९.भद्रपुर आधारभूत अस्पताल ,चमडा, देवल र राजुल स्वास्थ्य चौकीमा संचालित २४ घण्टे फार्मेसि सञ्चालनलाई निरन्तरता दिदै थप अनुगमन तथा प्रभावकारी गरिनेछ ।

८०.आधारभुत स्वास्थ्य सेवा अन्तरर्गत तोकिएका सवै औषधीहरुको आपुर्ति दुरुस्त राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८१.नागरिक आरोग्य सेवा केन्द्रमापुर्वकर्म तथा पञ्चकर्म सेवा र आँखा उपचार केन्द्रलाई निरन्तरता दिइनेछ ।

८२.गरिव तथा बिपन्न जटिल गर्भवतिहरुलाई प्रेषण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

८३.विद्यालय स्तरमा आँखा परीक्षण कार्यक्रम, बिद्यालय नर्स कार्यक्रम लाई निरन्तरता दिदै विद्यालय किशोरी आईरन कार्यक्रम अन्तर्गत किशोरीहरुलाइ आइरन खुवाउने कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

८४. देवल स्वास्थ्य चौकी र भद्रपुर आधारभुत अस्पताल बाट संचालन भैरहेका एम्बुलेन्स सेवालाई निरन्तरता दिई एम्वुलेन्स सेवामा गरिव तथा अति विपन्न परिवारका विरामीलाई ५०% छुटको व्यवस्था गर्न मापदण्ड निर्माण गरिने छ।

८५.प्लाष्टिकजन्य सामग्रीहरुको प्रयोगलाई निरुत्साहित गरी हरित स्वास्थ्य संस्था,विद्यालय, कार्यालय तथा बजारको अवधारणालाई कार्यन्वयनमा ल्याईनेछ ।

८६.सुत्केरी आमालाई सम्मान, आठ पटक गर्भजाँच लाई थप प्रभावकरी बनाउन गर्भजाँच प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

८७.स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन "स्वास्थ्य संस्थामा स्थानीय सरकारको उपस्थिति तथा दुर्गम वस्तिका जनतासँग सरकार "कार्यक्रम मार्फत स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई खोप तथा गाउँघर क्लिनिकहरुलाई सुदृढिकरण गरिनेछ ।

८८.महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई प्रभावकारी वनाउन योगदानमा आधारित महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइनेछ साथै आवश्यकता अनुसार थप गर्ने नीति लिइनेछ ।

८९.संस्थागत विकास र सूचना प्रणालीलाई सुदृढिकरणका लागि प्रविधिमैत्री स्वास्थ्य संस्था स्थापित गर्नुका साथै डिजिटल हेल्थ कार्यक्रम लाई निरन्तरता दिनुका साथै विस्तार गरिनेछ।

९०. नसर्ने रोगको महामारि बढिरहेको अवस्थामा वर्षको १ पटक ब्लड प्रेसर,सुगर र पिसावमा प्रोटिनको मात्राको निशुल्क जाँचको व्यवस्था मिलाइनुका साथै क्षयरोग मुक्त पालिका अभियान लाई आगामि वर्षमा ब्यापक रुपले अगाडि बढाइनेछ ।

९१.स्तन क्यान्सर सम्बन्धि स्वःपरिक्षण कार्यक्रम लाई आगामि आर्थिक वर्ष मा अभियानका साथ अगाडि बढाइने छ साथै पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग सेवा लाई सम्पूर्ण वडाहरुमा बिस्तार गरिनेछ ।

९२.भद्रपुर आधारभुत अस्पतालमा दन्त सेवा स्थापना गरिनेछ साथै अस्पतालमा २४ घण्टे सेवा साथै स्वास्थ्य बिमा कार्यक्रमलाइ निरन्तरता दिइने छ।

९३.देवल तथा चमडा स्वास्थ्य चौकिको भवन निर्माण तथा पूर्वाधार विकासका लागि संघ प्रदेश सरकार सँगको समन्वयमा कार्य गर्ने नीति लिइनेछ।

९४.खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडा विस्तार गर्दै यस आर्थिक वर्षमा जिल्ला सदरमुकाम वाट गाउँपालिका केन्द्र जोडिने सडकको कालोपत्रेको कार्य अगाडि वढाइनेछ । साथै समग्र आर्थिक

सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९५. बेउरीगाड, कोषगाड, चौकीगाड, चिनढुङ्गागाड, हुरागाड, दोगाड र सुर्नयागाडमा सडक पुल निर्माण प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।

९६. ट्र्याक खोलीएका कम्तीमा एक वडाका १ सडक लाई परिक्षणको रुपमा हरित सडक निर्माण गर्न सडकको दायाँवाँया वृक्षारोपण गरी ५ वर्ष भित्र संरक्षणसहित हरित सडक निर्माण गर्दै विस्तार भएका सडकमा अनिवार्य रुपमा सडक नालीको व्यवस्था गर्ने निती लिइनेछ ।

९७. उपभोक्ता समितिद्धारा संचालन हुने लागत सहभागिता ( श्रमदान ) लाई व्यवहारिक र अनिवार्य वनाईनेछ ।

९८. विगतमा सम्पन्न योजनाको वर्तमान अवस्था आकलन गरी उपभोक्ता समितिलाई योजनाको संरक्षण र संवर्धनमा जिम्मेवार बनाईनेछ । सम्पन्न योजनामा पटक पटक बजेट माग गर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ ।

९९. "स्तरीय सडक यातायातमा जनताको पहुँच"भन्ने नारालाई कार्यान्वयन गर्न सडक संजाल विस्तार तथा व्यवस्थापनका लागि एक जिल्ला वाट अर्को जिल्लाको सिमा, एक स्थानिय तहवाट अर्को स्थानिय तहको सिमा र एक वडा वाट अर्को वडाको सिमा सम्म जोड्ने सडक स्तरोन्नतीमा प्राथकिकताका साथ कार्यान्वयन गराइनेछ ।

१००. अन्तर पालिका सडक ठेक्काहरुको व्यवस्थापन छिमेकी पालिकासँग लागत साझेदारीका कार्यक्रम संचालन गरिनेछ ।

१०१. संघ र प्रदेशसंगको पहलमा साना, मझौला ठूला सिंचाई आयोजनाहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ ।

१०२. कृषि योग्य सिचित जमिनमा सिचाईको प्रवन्धका लागि आवस्यक सिचाई योजनाहरु संचालन गरिनेछन ।

१०३. गाउँपालिका भित्र सिंचित कृषी योग्य जमीनको अध्ययन गरी एक वडा एक सिंचाई नीति मार्फत सिंचित क्षेत्रमा कृषकलाई आकर्षण बढाई बाझो जग्गाको भरपुर उपयोग गरीनेछ ।

१०४. खोला किनार नजीकका कृषी योग्य जमीनका लागी विद्युतीय उपकरण प्रयोग हुने गरि कम लागतमा स्थानीय जनताको साझेदारीमा मोटर तथा लिफ्ट सिचाईको व्यवस्था गरिनुका साथै परम्परागत सिंचाई कुलोको संरक्षणमा जोड दिई पानी घट्ट सहित सिंचाइ गरीने कृषी योग्य जमीनको छनौट गरि बहुउपयोगी सिंचाई प्रयोगको निती लिईनेछ ।

१०५. सबै वडाका सम्भाबित स्थानहरुमा लिफ्ट सिंचाइ योजनाहरुको निर्माण कार्यको निरन्तरताका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१०६. भौतिक निर्माणका कामहरुमा स्थानीय कच्चा पदार्थको प्रयोगमा विशेष प्राथमिकता दिइने छ। संघीय सरकार संगको सहकार्यमा एकिकृत वस्ति निर्माण कार्य निरन्तरता दिइनेछ ।

१०७. भवन निर्माण आचार संहिता अनुरुप गाउँपालिका स्तरीय आचार संहितालाई परिमार्जन गरिनेछ साथै गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउन जनसमुदायलाई उत्प्रेरीत

गराइनेछ र सोका लागि पूर्वाधार शाखामा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै भु-कम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माण गर्न निर्माण कार्यमा संलग्न कामदारहरुको सिपअभिबृद्धि गर्न तालिमको व्यवस्था गरिने छ।

१०८. कालामाटी शैलेनी ट्रस पुललाई कार्यसम्पन्न गरिने छ।

१०९. पालिका स्थित सबै प्रहरी चौकीमा थुनुवा घर निर्माण गर्न गृह मन्त्रालय/आन्तरिक मामिला तथा कानुन मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरिने छ।भद्रपुर प्रहरीचौकीको निर्माणाधिन भवन सम्पन्न गरिनेछ ।

११०. सबै भन्दा वढि खानेपानीको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोर्नाया डागेश्वरी लिफ्ट वहुउपयोगी खानेपानी तथा सिचाइ आयोजनाको काम सम्पन्न गरिने छ साथै खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।

१११. पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्न आधार बनाउने नीति अवलम्बन गरिनेछ साथै पानी परिक्षणका लागी स्थापित पानी परिक्षण ल्यावलाई निरन्तरता दिनुका साथै सुदृढ गरिने छ ।

११२. पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गर्दै अजयमेरु गाउँपालिकाका पुराना खानेपानी योजनाहरु जनसहभागीतामा मर्मत गर्ने निती लिइनेछ ।

११३. फोहोरलाई मोहरको रुपमा रुपान्तरण गरि जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

११४. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिकामा स्थापित खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्डको मातहत वास युनिटलाई निरन्तरता दिदै सो मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११५. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

११६. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवं गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

११७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै चाङ्गजुठान निर्माण कार्यलाई निरन्तरता दिई विस्तार गरिनेछ ।

११८. हरेक टोललाई सरसफाई युक्त टोल घोषणा गर्ने कार्यलाई निरन्तरता दिइ एक घर एक धारा नीति ल्याइने छ ।

११९. खानेपानीका योजनामा प्रयोग हुने पाइप तथा फिटिङहरुको गुणस्तर कायम राख्न ति समाग्रिहरु गाउँपालिकाले नै खरिद गरि वितरण गर्न आवश्यक नीति अपनाइने छ।

१२०. संघ र प्रदेश सरकारसँगको साझेदारीमा भद्रपुर खानेपानी, देवल राजुल खानेपानी, देवल दिव्यपुर वृहत खानेपानी योजना संचालनका लागि समन्वय गरिने छ।

१२१. वर्षातको समयमा भेलले सडकमा हूने ठुलो क्षति बाट सडकहरु लाई जोगाउनका लागि पटकेरुपमा सडक मर्मत संभार कार्यकर्ता परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२२. रुग्ण ठेक्काको व्वस्थापन कार्यलाई विशेष महत्व दिईनेछ ।सबै सरकारी भवनहरुको मर्मत सम्भार कार्य निरन्तर हुनेछ ।

१२३. मानव विकास सुचकाङ्कमा पछाडी परेका समुदायहरुको जीविकोपार्जन सुधार कार्यक्रम संचालनमा ल्याईनेछ ।

१२४. धनधस्या माध्यमिक विद्यालयको भौतिक पूर्वाधार कार्यलाई अगाडी बढाईनेछ ।

१२५. भवन निर्माण आचारसंगितको पूर्ण पालन गर्न गराउन प्राविधिक कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१२६. सार्वजनिक सेवा प्रवाह, विकास निर्माणमा सबै नागरिक तथा वर्गको सम्मानजनक उपस्थितीका लागि समावेशी, बालमैत्री, अपाङ्ग मैत्री, किशोर किशोरी मैत्री, जेष्ठ नागरिक मैत्री, महिला मैत्री नीति तथा कार्यक्रम निर्माण गर्ने नीति लिइनेछ।

१२७. सन्तान नभएका दम्पत्तिहरु तथा सामाजिक सुरक्षामा आवद्ध हुन नसकेका संरक्षक नभएका एकल महिला तथा पुरुषलाई सामाजिक संरक्षण गर्ने नीति लिई विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. लैगिंक हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिका तथा अपागंता भएका व्यक्तीको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागीतामा जोड दिने नीति लिइनेछ ।

१२९. महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन र अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभुति गर्न आय आर्जनमा वृद्धी स्थानीय सरकारको समृद्धी नारा कार्यान्वयन सँगै भिन्न क्षमता भएका व्यक्तिसंग स्थानिय सरकार कार्यक्रम संचालन गरिनेछ ।

१३०. बालश्रम मुक्त गाँउपालिका घोषणाका लागि सहयोगी निकायहरुसंग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै सक्षम महिला सम्मृद्ध अजयमेरु कार्यक्रम संचालन गर्न विषयगत शाखाका कार्यक्रमहरु विच तादाम्यता मिलाईनेछ ।

१३१. लैङ्गिक समानता र सामाजिक समाबेशीकरण बजेट परिक्षण (GEDSI अडिट) गरि योजना तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिईनेछ । एकल महिलासँग उपाध्यक्ष कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।

१३२. अपाङ्गता परिचय पत्र वितरणलाई सहज बनाउन घरदैलोमै गई वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

१३३. बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४. "ज्येष्ठ नागरिकसंग जयराज कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

१३५. गाउँपालिकाको कार्यालय स्वास्थ्य संस्था लगायत सवै कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गरिनेछ ।

१३६. गाउँपालिकाद्वारा संचालन गरिने योजनामा कम्तीमा एक वडामा एक उपभोक्ता समिति अनिवार्य रुपमा ५० प्रतिशत महिलाको सहभागीता अनिवार्य गराईने नीतिलाई निरन्तरता छ ।

१३७. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३८. दलित तथा मुक्त हलियाहरुको उद्यमशिलता विकास, आयआर्जनमा बढोत्तरी र प्राविधिक शिक्षा अध्ययनका लागि राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसंग सहकार्यलाई निरन्तरता दिइनेछ ।

१३९. ज्येष्ठ नागरिकहरुको सीप, ज्ञान एवं अनुभवलाई गाउँपालिकाको विकासको आधारका रुपमा लिदै प्रत्येक वडामा ज्येष्ठ नागरिक आरोग्य चौतारी, मिलन तथा भेटघाट केन्द्रको निर्माणका लागि पहल गरिनेछ साथै ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरणलाई घरदैलोसम्म पुग्ने व्यवस्था लाई निरन्तरता दिईनेछ ।

१४०. दलित  समुदायको व्यवसाय, व्यापार तथा कृषिजन्य उत्पादनहरु सम्बन्धी करमा विशेष छुटको व्यवस्था गरिनेछ ।

१४१. गाउँपालिका क्षेत्रभित्रका अनाथ बालबालिकाहरुको गाँस, बास र कपास सहित अन्य आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन अनाथ बालबालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।

१४२. राज्यले तोकिएमा बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु (क) र (ख) बर्गका अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तीलाई निशुल्क रुपमा प्रदान गरिनेछ ।

१४३. दलित समुदायको चौतर्फि विकासको लागि तिनीहरुको परम्परागत पेशा, सीप,कला, दक्षतालाई सुदृढिकरण गर्दै आधुनिकीकरण गर्ने नीति लिईने छ । मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आयआर्जनका कार्यक्रममा आबद्ध गरिने छ । साथै स्थानिय तहले छुट मुक्त हलियाहरुको पहिचानका लागि स्थानिय तथ्याङ्क संकलन, प्रमाणिकरण र परिचय पत्र वितरण कार्यको थालनी गरिनेछ ।

१४४. मुक्त हलिया तथा दलित बालबालिकाहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न छात्रबृत्ति तथा शैक्षिक समाग्रीहरु सहयोग गर्ने नीति लिईनेछ ।

१४५. महिला सशक्तीकरणका लागि द्वारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४६. अपाङ्गता भएका व्यक्तिहरुलाइ आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गर्ने नीति लिईनेछ।

१४७. लैंगिक हिँसा निवारण कोषलाई थप सुदृढ गरिनेछ।

१४८. गाउँपालिकामा विद्युतीकरण शत प्रतिशत पुर्‍याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ । नेपाल विद्युत प्राद्यीकरणसँग समन्वय गरी विद्युत समस्या रहित गाउँपालिका घोषणा गर्ने निती अवलम्वन गरीनेछ ।

१४९. घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरीने छ साथै आवश्यकता अनुसार सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गर्न पहल गरिनेछ ।संचार सुविधाबाट वंचित स्थानहरुमा टावर थप्ने व्यस्था गरिनेछ ।

१५०. नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ साथै वडा कार्यालय विद्यालय तथा स्वास्थ्य संस्थामा फाईवर इन्टरनेट सेवा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

१५१. साइवर सुरक्षा सम्बन्धि अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिबृद्धि कार्य प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरिने छ साथै डिजिटल साक्षरता विस्तार गरि महिला अल्पसंख्यक एवंम पिछडिएको वर्ग क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार तथा पेपरलेस गाउँपालिकाको आधार तयार गर्न गाउँपालिकाको वेभसाइट, फेसवुक पेज, मोवाइल एप्लीकेशनलाई थप प्रभावकारी वनाइनेछ साथै सोका लागि संघ, प्रदेश र अन्य पालिकासँग सहकार्य गरिनेछ ।

१५२. गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोक्ता, बाँस,निगालो, सालका पात, मालु, तिमिला, चिउरोको पात) कच्चा पदार्थ उत्पादन गर्ने क्लस्टरको रुपमा विकास गरी बन क्षेत्र विस्तार र प्रयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ । बनजंगलको संरक्षणका लागि एकिकृत रुपमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ , LEOC को निरन्तरता दिईनेछ ।

१५३. प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।

१५४. खोटो तथा बनजन्य वस्तु संकलनलाई व्यवस्थित गरि सो वाफत तिर्नुपर्ने रोयल्टि रकम संकलनलाई प्रभावकारी वनाउन प्रदेश सरकासँग समन्वय गरिनेछ ।

१५५. गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण तथा महिनामा एक दिन वडा तथा पालिका केन्द्रमा जनप्रतिनिधी सहित सरसफाई कार्यक्रम सञ्चालन गरि फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

१५६. "एक गृह, दुई वृक्ष" को नीति अनिवार्य गरिनेछ ।

१५७. गाउँपालिका भित्र पाईने जडिबुटिहरुको अभिलेखन तथा संरक्षण गरि सम्भाव्य जडीबुटीको व्यवशायिक उत्पादनका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

१५८. वन्यजन्तुबाट कृषिबालिमा हुने क्षतीलाइ न्यूनिकरण गर्न कृषि विमा तथा अन्य उपाय अवलम्वन गरीनेछ ।

१५९. निजि प्रयोगका लागि पालिका भित्र प्रयोग गर्ने गरि निजि जमिनमा रहेका बनपैदावारको ओसारपसारलाई नियमन गरिनेछ ।

१६०. सामुदायिक वनले आफ्नो बार्षिक आम्दानीको १० प्रतिसत पालिकालाई बुझाउनु पर्ने कानुनि व्यवस्थालाई अनिवार्य कार्यान्वयनमा ल्याइनेछ।

१६१. प्रत्येक विद्यालयको हाताभित्र वार्षिक "एक शिक्षक एक विरुवा" र "एक कक्षा एक विरुवा" कार्यक्रम मार्फत वृक्षारोपण कार्यक्रम गरीनेछ ।

१६२. मनसुन तथा अन्य समयमा हुन सक्ने बाढी पहिरो तथा अन्य विपद्हरु रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन तथा स्थानीय प्रहरी युनिट तथा सरोकारबालाहरुसँग प्रभावकारी समन्वय गरी विपद प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१६३. प्रत्येक जनप्रतिनिधिले सार्वजनिक स्थलमा कम्तीमा २ विरुवा रोपण कार्यक्रम तथा नया सन्तान जन्माउने दम्पतिले एक जोडि विरुवा लगाउनै पर्ने निति ल्याइनेछ ।

१६४. पानि मुहान संरक्षणका लागि उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१६५. “हराभरा बन अजयमेरुको धन”अवधारणा विकास गरिनेछ।

१६६. जडिवुटिको संरक्षण, बहुमुल्य बृक्षहरु बोधिचित्त, श्रीखण्ड, रुद्राक्ष लगायतका विरुवा रोपण प्रवर्द्धन, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटी र बहुमूल्य बृक्षहरुको माध्यमबाट आय आर्जनमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।

१६७. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाईनेछ ।

१६८. जलवायु अनुकूलन कार्यक्रमलाई प्रोत्साहन गर्दै गाउँपालिका अन्तरगत रहेका विपद् व्यवस्थापनका लागि रेडक्रस तथा अन्य संघसंस्था, समूह, र युबाक्लवहरुको क्षमता अभिवृद्धि गर्न गैरसरकारी संस्थाहरुसँग ल्याइनेछ ।

१६९. गाउँपालिकाका विभिन्न गाड, खहरे खोला क्षेत्रमा रहेका खेति योग्य जमिनका साथै वस्ती, धार्मिक पर्यटकिय क्षेत्रहरुमा जल उत्पन्न प्रकोप नियन्त्रण का लागि प्रदेश सरकार, संघीय सरकार र गैर सरकारी संस्थाहरु को सहकार्यमा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ।

१७०. बनजंगल डढेलो लगाउने व्यक्तिको बारेमा प्रमाण सहित यथार्थ सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था मिलाइ कानुन विपरीतका गतिविधिहरुलाई दण्डनीय बनाईनेछ डढेलो लाग्न सक्ने सल्ला लगायतका बनक्षेत्रमा डढेलो नियन्त्रण गर्ने कार्यलाई समुदायसँगको साझेदारीमा प्रभावकारी बनाईनेछ।

१७१. पहिरो रोकथामका लागि तारजाली स्थानिय रुपमै उत्पादन गर्न सकिने गरि सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

१७२. गाउँपालिका भित्रका सिमसार क्षेत्रको पहिचान संरक्षण तथा सिमार क्षेत्रको नक्साङ्कन गरी जैबिक विविधता संरक्षण कार्यक्रम सञ्चालन तथा स्थानिय बस्ति तथा खेतीयोग्य जमिनमा विकराल रुपमा फैलिरहेको बनमारा (झाडी) नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

१७३. जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक,स्वास्थ्यकर्मि,उपभोक्ता समिती,टोल विकास संस्था तथा कृषक समुहको क्षमता अभिबृद्धिका थप कार्यक्रम लागू गरिनेछ ।

१७४. गाउँपालिका र सवै वार्डहरुमा डिजिटल तथा क्षतिपूर्ती सहितको नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ साथै QR कोड सहितको गुनासो सुनुवाई संयन्त्रको निरन्तरता गरिनेछ ।

१७५. सेवा प्रबाहमा हुने ढिलासुस्तीलाई न्यूनिकरण गर्न कार्यालय लगायत मातहतका सम्पुर्ण स्वास्थ्य संस्था र विद्यालयहरुमा एकिकृत विद्युतीय हाजिरी प्रणाली सेवा प्रबाहलाई प्रभाबकारी बनाई विद्युतीय हाजिरिका आधारमा तलव भत्ता भुक्तानीहुने व्यबस्था मिलाइनेछ।

१७६. स्थानीय कर प्रणालिलाइ कम्प्युटराइज्ड गर्नुका साथै करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ । गाउँपालिका भित्र चल्ने अटो रिक्साहरुलाइ करको दायरामा ल्याइ नियमन गरिनेछ ।

१७७. पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, तेस्रो पक्ष मूल्यांकन, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका, स्वतःप्रकासन जस्ता विधिहरुलाई निरन्तरता दिईनेछ ।

१७८. "दैलोमा सरकार"को नारा अन्तर्गत महिनाको एकचोटी गाउँपालिकाका सम्पूर्ण सेवाहरु सँगै लगी फरक फरक ठाउँमा घुम्ती शिविर तथा राजश्व संकलनका लागि घुम्ति शिविर समेत आयोजना गरिनेछ।

१७९. गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार विकास गर्न गाउँपालिकाका कर्मचारीहरुको क्षमता विकास तथा असल अभ्यासहरुको आदानका लागि अबलोकन भ्रमणको आयोजना गरिनेछ।

१८०. गाउँपालिकाको सेवा प्रबाह र आन्तरिक आय बढाउनमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई आवश्यक मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।

१८१. अनावश्यक खर्च कटौती अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण कार्यक्रममा पिपलको पातका ब्याच, स्थानिय धाराको पानी, फूलको माला मात्र प्रयोग गर्ने नीति लिई खादा, प्लाटिक/सिसा बोतलको पानी तथा पेय पदार्थलाई निरुत्साहित बनाउने निति अनिवार्य गरिनेछ ।

१८२. खादा तथा अनावश्यक पहिरन लगाउने कार्यलाई निरुत्साहित गर्ने निति अवलम्बन गरिनेछ ।

१८३. "हाम्रो प्रतिवद्धता नागरिकले पाउने मुस्कान सहितको सेवा" लाई ध्यान दिई गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाह गर्दा अनिवार्य रुपमा जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने नीतिलाई अनिवार्य गरिनेछ।

१८४. गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुको नियमन तथा कार्यक्रमहरुको नियमित अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन तथा साझेदारी गर्ने नीति लिईने छ ।

१८५. गाउँपालिका र वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करारका कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ ।

१८६. आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै तीन वर्षको मध्यमकालिन खर्च संरचनाका आधारमा मितव्ययी बजेट तर्जुमा गरिनेछ ।

१८७. सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवम्वन गरिनेछ ।

१८८. यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको मनोवल उच्च राख्नको लागी ( कर्मचारी कल्याण कोष) लाई सुदृढ वनाइनुका साथै करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित भई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

१८९. गाउँपालिका क्षेत्र भित्र शान्ती सुरक्षाको स्थितिलाई गम्भीर रुपमा लिँदै नागरिक सुरक्षा र शान्ती कायम गर्न स्थानीय प्रशासनसँग समन्वय गर्ने निति लिइनेछ ।

१९०. यस अजयमेरु गाउँपालिकाबाट उपभोक्ता मार्फत संचालन भई निर्माण संचालन भई सम्पन्न भएका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण कार्यलाई निरन्तरता दिईनेछ ।

१९१. नागरिकको सूचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवा प्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई विशेष जोड दिई सहभागितमूलक योजना तथा विकासको अबधारणा अवलम्बन गर्दै गाउँपालिकाको विकासमा विकासका साझेदारहरुलाई स्वागतयोग्य नीति अवलम्बन गरिनेछ ।

१९२. निर्धारित समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१९३. गाउँपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसँग निरन्तर सहकार्य गरिनेछ साथै अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखी र मापनयोग्य बनाईनेछ ।

१९४. गाउँपालिकाको कार्यालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण, गाउँपालिकाको पार्श्वचित्र, गाउँपालिकाको दोस्रो आवधिक योजना, राजस्व सुधार योजना लगायत अन्य अबधी समाप्त भएका योजनाहरुलाई निर्माण तथा अद्यावधिक गरीनेछ।

१९५. मौजुदा नीति नियम तथा सेवा प्रवाहको प्रक्रियाका सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारी बिच अन्तक्रियात्मक अभिमूखिकरण कार्यक्रम संचालन गरिरनेछ ।

१९६. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा गैरव्यवसायिक कौशलता अभिबृद्धि गर्नका लागि बजेट विनियोजन गरिनेछ।

१९७. समान कामका लागि समान ज्यालाको मान्यता अनुरुप कार्यजिम्मेबारी र कार्यअनुभवका आधारमा करारका कर्मचारीको सेवा सुविधा कायम गरिनेछ ।

१९८. राजश्व संकलनमा वृद्धि गर्न राजश्व सुधार कार्ययोजना बनाई प्रभावकारी बनाईनेछ ।

१९९. सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारमको नतिजाको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरिनेछ । प्रत्येक वडामा अर्धवार्षिक सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम अनिवार्य गरिने छ ।

२००. गाउँपालिकाको आयोजना बैङ्क , मध्यकालीन खर्च संरचनाका आधारमा मात्र बजेट निर्माण तथा योजना छनोट गर्नुपर्ने व्यवस्थालाई बाध्यकारी बनाईनेछ।

२०१. गाउँपालिकाभित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गर्दै भुमि वैङ्कको स्थापना, बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती तथा गुठी जग्गा व्यवस्थापनका लागी आबश्यक पहल गर्दै डिजिटल जग्गा नापजाँच गर्न आवश्यक पहल गरिनेछ साथै दर्ता जग्गा लामो समयसम्म वाझो राख्ने जग्गा

धनिलाइ जरिवाना तथा ठुलो क्षेत्रफलमा व्यवसायिक कृषी गर्ने कृषकलाइ करमा सहुलियत दिइने निती अवलम्वन गरिने छ ।

२०२. भूमि आयोगसँगको समन्वयमा भूमिहीन, दलित, र अव्यवस्थित बसोबासलाई जग्गा धनि पुर्जा वितरण कार्य सम्पन्न गरिनेछ ।

२०३. गाउँपालिका भित्र संचालनमा रहेका र कार्यक्रम/परियोजना संचालन गर्न चाहाने गैर सरकारी संस्थाहरुलाई गाउँ सभाबाट कार्यक्रम/परियोजना स्वीकृत गराएर एकिकृत रुपमामात्रै कार्यक्रम सञ्चालन गर्नु पर्ने वाध्यकारि नीति लिईनेछ।

२०४. आ.व २०८१/०८२ सम्म कायम बेरुजुलाई रुजु गर्ने र आगामी आ.व मा पनि बेरुजु शुन्य नीति अवलम्बन गर्दै बेरुजु फस्यौंट वर्षका रुपमा लिई लेखा समितिलाई सकृय बनाई बेरुजु फस्यौंट लागी आवश्यक पहल गरिनेछ।

२०५. उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक, उपभोक्ता समिति, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मि, विद्यार्थी र विद्यालय, किसान, खेलाडी लाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती लाई निरन्तरता दिईनेछ ।

२०६. योजनालाइ अनुदानमा आधारित नभै अभियानमा आधारीत वनाउदै सहभागीतामुलक विकासको मोडललाई अनुसरण गरि सबै वडामा रहेका टोल विकास संस्थाहरुलाई क्रियाशिल वनाइनेछ ।

२०७. हालसम्म योजना तथा अनुदान प्राप्त लाभग्राहिको तथ्यांक एकिकृत गर्ने प्रणाली विकास गरि प्रभावकारी अनुगमन गरिने छ ।

२०८. नेपालको संविधानले परिकल्पना गरेको स्थानीय न्यायीक समिती लाई प्रभावकारी बनाउन थप क्षमता विकास र संस्थागत विकास गर्न पहल गरिनेछ  साथै स्थानीय न्यायीक समितीका न्यायीक क्रियाकलापलाई व्यवस्थीत तथा प्रभावकारी बनाउनका लागि छुट्टै न्यायीक कक्ष तथा कानुनी सल्लाहकारको व्यवस्था गरीनेछ ।

२०९. न्यायिक समितिको कार्य सम्पादनलाई प्रविधिमैत्री बनाउदै सेवा प्रवाहमा पारदर्शिता र  जवाफदेहिता सुनिश्चित गरिनेछ ।

२१०. सम्पूर्ण पालिका वासीलाई छिटो छरितो पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

२११. सामुदायीक मेलमीलाप कार्यकर्ता लाई आधारभुत र पूनरर्ताजकी तालीम संचालन गरी मेलमिलापको नीति अवलम्वन गरिनेछ मेलमिलाप केन्द्रहरु मार्फत मेलमिलापकर्ताहरुको सहजीकरणमा स्थानीय विवादहरुको न्यायोचित समाधान गरिनेछ ।

२१२. मेलमिलाप केन्द्रलाई थप ब्यबस्थापन गरि सुदृढ बनाइ प्रत्येक माध्यमिक र आधारभुत विद्यालयहरुमा कानुन सम्वन्धी सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२१३. स्थानीय स्तरमा रहेका अन्तर व्यक्ति विवाद समाधानको लागि मेलमिलाप प्रक्रिया, बहुसरोकारबाला विवाद रूपान्तरणका लागि माकुरा विधि र सार्वजनिक चासोका सवालहरु समाधानका लागि संवाद विधिको अवलम्बन गरिनेछ।

२१४. मेलमिलाप तथा बहु सरोकारबाला द्वन्द्व रूपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरूलाई समेत सहभागिता गराईने नीति अबलम्बन गरी गाउँ तथा वडा स्तरीय मेलमिलाप केन्द्रलाई निरन्तरता दिईनेछ।

२१५. मेलमिलाप तथा बहुसरोकारबाला द्वन्द्व रूपान्तरणका लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायिक समितिको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१६. न्यायीक समितिका पदाधिकारी र वडा अन्तर्गतका मेलमिलापकर्ताहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन अन्तरसमिति भ्रमण र क्षमता विकास कार्यलाई निरन्तरता दिईनेछ ।

२१७. न्यायिक समिति लगायत अन्य कानुनहरु समयसापेक्ष संसोधन वा प्रतिस्थापन गरिनेछ ।

२१८. गाउँकार्यपालिका र गाउँसभा अन्तरगतका समितिलाई जिम्मेवार बनाउदै थप क्रियाशिल बनाईनेछ ।

२१९. विभिन्न क्षेत्रमा योगदान पुर्याएका विज्ञ व्यक्तिहरुको जनशक्ति बैक स्थापना गरी गाउँपालिकाको आवश्यकता अनुसारको सल्लाह सुझावका लागी सल्लाहकार परिषद् गठन गरिनेछ ।

२२०. पूर्व जनप्रतिनीधिहरुको अनुभवको सदुपयोग गर्न पूर्व जनप्रतिनीधि बैङ्क स्थापना गरिनेछ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकको नजिकबाट सेवा प्रवाह भई सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य,कृषि,भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा नेपाल सरकारको सोहौं पन्च वर्षिय योजना, सुदुरपश्चिम प्रदेश सरकारको को प्रथम पञ्च बर्षिय योजना र गाउँपालिकाको प्रथम पञ्चबर्षीय योजनाको लक्ष्य प्राप्तिमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यक्रमको सफल र परिणाममुखि कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद

अध्यक्ष

उमेश प्रसाद भट्ट (विकास)

अजयमेरु गाउँपालिका